# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (३), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, फाल्गुण १५ गते २०७६ साल, संख्या १२

## भाग-२

नेपालको संबिधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखीए बमोजिमको नियमावली/कार्यबिधि तथा निर्देशिका सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सहकारी संस्था एकीकरण सम्वन्धि कार्यविधि २०७६

सूर्योदय नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ को उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न सहकारी संस्थाहरु एक आपसमा एकीकरण गर्ने सम्बन्धमा संघीय सहकारी ऐन, २०७४ को दफा ८७ र सघीय सहकारी नियमावली, २०७५ को दफा ३९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) अधीनमा रही सूर्योदय नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "सहकारी संस्था एकीकरण सम्वन्धि कार्यविधि, २०७६" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकोले स्वीकृत गरेको मितिदेखी लागू हुनेछ ।

**२. परिभाषाः**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले सूर्योदय नगरपालिकाको सहकारी ऐन , २०७५ र संघीय सहकारी ऐन २०७४ समेत सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले "सूर्योदय नगरपालिका" सम्झनु पर्दछ ।

(ग) "नगर प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुख भन्ने संझनु पर्दछ।

(घ) "उप प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको न गर उप प्रमुख भन्ने संझनु पर्दछ।

(ङ) "प्रमुख प्रशाशकीय अधिकृत" भन्नाले सूर्योदय नगरपाकिाको प्रमुख प्रशाशकीय अधिकृत संझनु पर्दछ ।

(च) "सहकारी शाखा " भन्नाले सूर्योदय नगरपालिकाको सहकारी शाखाला ई सम्झनु पर्छ ।

(छ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०४८ तथा सहकारी ऐन २०७४ बमोजिम स्थापना भएका सहकारी संस्थालाई सम्झनु पर्छ।

(ज) "एकीकरण कार्य" भन्नाले दुई वा दुई भन्दा बढी संस्थाहरुबीच एक आपसमा भएको सम्झौता बमोजिम एकीकरण हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी संस्था एक आपसमा गाभिने वा नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

(झ) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ञ) “रजिष्ट्रार” भन्नाले सूर्योदय नगरपालिका को सहकारी ऐनमा तोकिए अनुसार सहकारी दर्ता अनुगमन निरीक्षण तथा एकीकरण र दर्ता खारेज गर्ने अधिकारी संझनु पर्दछ ।

## परिच्छेद-२

## उद्देश्य, योग्यता तथा प्रारम्भिक निवेदनसम्वन्धि व्यवस्था

**३. उद्देश्यः**

संस्थाको एकीकरण व्यवस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ-

(क) सबल र सक्षम संस्थाको निर्माण गर्न,

(ख) संस्थालाई पूँजि, भौतिक तथा मानवीय संसाधन द्वारा सक्षम र आत्मनिर्भर बनाउन,

(ग) संस्थाको दिगो विकास र स्थायित्व प्रदान गर्न,

(घ) सदस्यहरूलाई प्रदान गर्ने सेवामा गुणात्मकता तथा परिमाणत्मकतामा बृद्धि गर्न,

(ङ) एक व्यक्ति एक सहकारी सदस्यतालाई जोड दिन,

(च) सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन,

(छ) संस्थालाई आधुनिक प्रविधिबाट सम्पन्न बनाई व्यवसायिकरण गर्न,

(झ) सहकारी क्षेत्रमा देखीएका विकृतिहरूमा सुधार गर्न,

**४. एकीकरण गर्न सकिने सहकारी संस्थाहरु**

निम्न संस्थाहरुलाई एकीकरण गर्न सकिने संस्थामा राख्न सकिनेछ ।

(क) एउटै कार्य क्षेत्र भित्र रहेका, एक भन्दा बढी सहकारी संस्थाहरु ।

(ख) सञ्चालन लागत घटाएर सदस्यहरुलाई बढी लाभ बितरण गर्न चाहने संस्थाहरु।

(ग) एउटै विषयसंग मेल खाने खालका संस्थाहरु घाटामा रहेका संस्थाहरु भए पनि एकीकरण गर्न चाहने संस्थाले एकीकरणमा समाबेस गराएमा।

**५. एकीकरणको व्यवस्थापन**

एकीकरणको व्यवस्थापन निम्नानुसार गर्नु पर्दछ :

(क) एकीकरण गरिने संस्थाहरूको आवश्यकता पहिचान गर्नेछ ।

(ख) एकीकृत हुने संस्थाहरूका शेयर सदस्य तथा सञ्चालक समिति, लेखासमिति र अन्य उप समितिका सबै सदस्य वा पदाधिकारी अथवा आवश्यकता अनुसारको उपस्थितिमा एकीकरण सम्वन्धि अन्तक्रिया छलफल कार्यक्रमको संचालन गरी सहमति जुटाउने ।

(ग) उपयुक्त अन्तरक्रिया छलफल पश्चात एकीकृत हुन चाहने संस्थाहरूको सञ्चालक समितिको बैठकबाट एकीकरणको निमित्त सर्त र कार्यविधि तयार पार्न

प्रत्येक संस्थाबाट बढीमा ३ सदस्यीय संयुक्त कार्यदल निर्माण गरी सो एकीकरण हुने कार्यदलबाट संयुत्त कार्यदल गठन गर्ने,

(घ) कार्यदलले सर्त तथा कार्यविधिमा गहन वहस र छलफल पश्चात अनुसूचि-१ बमोजिमको सर्त तथा कार्यविधि तयार पारी बढीमा ७ दिनभित्र एकीकृत हुन चाहने संस्थाहरूमा प्रस्तुत गर्ने,

(ङ) कार्यदलले प्रस्तुत गरेको सर्त र कार्यविधिलाई एकीकृत हुन चाहने संस्थाहरूको सञ्चालक समितिको बै ठकबाट साधारण सभामा लैजाने गरी अन्तिम रुप दिने,

(च) एकीकरण गर्ने संस्थाहरूको सर्त तथा कार्यविधि सञ्चालक समितिले पारित गरेपछि सम्वन्धित संस्थाहरूको नियमित साधारण सभाको समय भए त्यसैमा सो नभए विशेष साधारण सभा डाक्ने र सर्त तथा कार्यविधि प्रस्तुत गर्ने ।

(छ) एकीकरणमा संलग्न हुने संस्थाहरुले सम्वन्धित नगरपालिकाको कार्यालय र बिषयगत सहकारी संघसंग आवश्यक राय, सुझाव र सहमति प्राप्त गर्ने ।

**६. योग्यताः**

एकीकरण कार्यका एकै प्रकृति वा विषयका संस्था हरुसँग मात्र एकीकरण गर्न सकिनेछ। तर एकै स्थानमा विभिन्न विषय र प्रकृति का धेरै संस्थाहरु रहेको भएमा फरक विषय वा प्रकृति भएतापनि नगरपालिकाले एकीकरण गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

**७. पूर्व स्वीकृति लिनु पर्ने**

(१) दफा ४ बमोजिम योग्य दुई वा दुई भन्दा बढी संस्थाले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आ-आफ्नो संचालक समितिबाट प्रस्ताव पारित गरी सो सम्वन्धि कार्य गर्न नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पछि नगरपालिकाले माग बमोजिम संस्थाहरु एकीकरण गर्न योग्य देखीए एकीकरणको कार्य अगाडि वढाउन स्वीकृति दिनु पर्नेछ। तर पूर्व स्वीकृति नलिएको भएतापनि संस्थाला ई एकीकरण गर्ने गरी स्वीकृति दिन यस उपदफाले वाधा पुर्याएको मानिने छैन।

## परिच्छेद - ३

## सम्पत्ति तथा दायित्व,सम्झौता तथा अन्तिम स्वीकृतिसम्वन्धि व्यवस्था

**८. सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्वन्धि व्यवस्था :**

(१) नगरपालिकाबाट पूर्व स्वीकृति लिएपछि एकीकरण हुन चाहने संस्थाले आ - आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्क न गराउनु पर्ने अवस्था भए मुल्या ङ्कनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मुल्या ङ्कन गराउनु पर्नेछ ।

(२) मूल्याङ्कनकर्ताले पेश गर्ने प्रतिवेदनमा संस्थाको देहाय बमोजिमका विषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्ने छ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछः-

(क) कर्जा वर्गीकरण,

(ख) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

(ग) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

(घ) तरलता विवरण,

(ङ) जनशक्ति व्यवस्थापन र

(च) अन्य आवश्यक विषयहरु ।

**९. एकीकरणमा राख्नु पर्ने सर्त र कार्यविधिका विषयहरूः**

एकीकरणमा निम्न सर्त तथा कार्यविधिहरु राख्नु पर्छ ।

(क) कुन कुन संस्थासंग एकीकरण गर्ने हो सो उल्लेख गर्ने ।

(ख) एकीकृत संस्थाको नाम एकीकृत हुने संस्थाहरु मध्ये कु न संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सोको उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने ।

(ग) एकीकृत संस्थाको कार्य क्षेत्र कति रहने हो सो एकिन गर्ने । कार्य क्षेत्र एकिन गर्दा मापदण्डमा रहेको व्यवस्थाको अनुसरण गर्ने।

(घ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा संशोधन गर्ने हो उल्लेख गर्ने ।

(ङ) शेयर पूँजिको रकम , विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकमहरु एकीकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका (जस्तैः एकीकृत हुने संस्थाहरुको शेयर पूँजिको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन।)

(च) संस्थाको सम्पत्ति एकीकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्वन्धि विषय ।

(छ) अन्य आवश्यक विषय ।

**१०. एकीकरणको साधारण सभामा प्रस्तुत गरिने विषयहरू**

संस्था एकीकरण कार्यको लागि साधारण सभामा निम्न विषयहरु पेश गर्नु पर्नेछः

(क) अनुसूचि-१ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको सर्त तथा कार्यविधि सम्वन्धि विवरण,

(ख) प्रत्येक सहकारी संस्थाको एकीकृत हुने अघिल्लो दिन सम्मको वासलात, एकीकृत भएपछिको बित्तिय बिबरण

(ग) प्रत्येक सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण प्रतिवेदन, एकीकृत लेखा प्रतिबेदन

(घ) साधारणसभाबाट एकीकरणको स्वीकृति लिने कार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य,

(ङ) एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकीकृत हुन आउने संस्थाबाट वढीमा ५ जनाको विवाद समाधान समिति गठन गर्ने,

(च) एकीकृत संस्थाहरूको सम्पति (स्थायी भए) नियमानुसार नामसारी सम्वन्धि विषय,

(छ) संस्थाहरुको ऋण लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याजदर, सदस्यताको क्रम संख्या, शेयर प्रमाण पत्र लिने दिने, कर्मचारी व्यवस्थापन, कारोवार स्थगन जस्ता विषयहरूमा कुनै छुट्टै व्यवस्था गर्नु पर्ने भए सो समेत निर्णय गर्ने ।

**११. सम्झौता सम्वन्धि व्यवस्था :**

नगरपालिकाबाट प्रक्रिया अगाडि बढाउन स्वीकृत प्राप्त गरेका संस्थाले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता सम्पन्न गर्नु पर्नेछः-

(क) एकीकरण हुने संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र, एकीकरण भए पछि रहने नाम, ठेगाना, र कार्यक्षेत्र,

(ख) सदस्यहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

(ग) संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति/दायित्वको मिलान पद्धति,

(घ) एकीकरण गर्न लाग्ने अनुमानित समयावधि,

(ङ) संस्थाको विनियमावली, कार्य संचालन सम्वन्धि नियमावलीहरु, वचत तथा ऋण नीति/निर्देशिका संस्थाको रुपमा परिणत हुने वा एकीकरण हुने संस्थाको नाम ,

(च) एकीकरण भएपछिको पूँजी संरचना तथा स्वामित्व संरचना,

(छ) एकीकरण भएपछिको संस्थामा आवश्यक कर्मचारी मात्र रहने गरी कर्मचारी कटौती योजना तथा जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्वन्धि अन्य व्यवस्था,

(ज) प्रचलित सहकारी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(झ) संस्थागत पुनर्संरचना, एक आपसमा सदस्यता सेवा केन्द्रहरुको मिलान तथा सञ्चालन व्यवस्था,

(ञ) अन्य प्रचलित कानून र सो को पालना भएको घोषणा,

(ट) कार्यालयले तोकेका अन्य आवश्यक विषयहरु ।

**१२. एकीकरणको लागि निवेदन दिने**

(१) दफा ७ बमोजिम स्वीकृती प्राप्त वा स्वीकृति प्राप्त नभएका संस्थाले ऐनको दफा ८७ को प्रक्रिया पूरा गरी एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण

कार्यको समय सीमा र तोकिएको प्रस्तावि त कार्ययोजना सहित विद्यमान पूँजि संरचना अनुसार आ -आफ्नो साधारण सभाबाट प्रस्ताव पारित गरी सो सम्वन्धि कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम पारित एकीकरण प्रस्तावका आधारमा दुबै संचा लक समितिको निर्णय सहित संयुक्त रुपमा प्रारम्भिक संस्थाले नगरपालिकामा अनुसूचि-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**१३. कार्यालयले अपनाउनु पर्ने कार्य प्रक्रिया**

(१) एकीकरणको लागि निवेदन पेश भए पछि कार्यालयहरुले निम्नानुसारको कार्य प्रक्रिया अपनाउनु पर्नेछ ।

(क) कार्यालयसँग एकीकरणका लागि पूर्व स्वीकृति लिए , नलिएको र नलिएको अवस्थामा एकीकरण वा विभाजन पश्चात आउन सक्ने कानूनी जटिलताको विषय यकिन गर्ने,

(ख) एकीकरण हुने संस्थाहरुको साधारणसभाको कूल कायम रहेको सदस्य संख्याको वहुमतबाट नियमानुसारको प्रस्ताव पारित भए नभएको हेर्ने,

(ग) कार्यालयले एकीकरण सम्वन्धि १५ दिने सूचना तयार गरी एक स्थानीय कार्यक्षेत्र भएमा स्थानीय स्तरको पत्रिकामा र अन्यमा कुनै एकमा कम्तिमा एक पटक प्रकाशन गर्ने गराउने , स्थानीय एफ.एम रेडियोहरुबाट प्रशारण गराउने , कार्यालयको सूचनापाटीमा टाँस्ने पत्राचार गरी गुनासो उजुरी माग गर्ने,

(घ) सूचनाको अवधि भित्र गुनासो वा उजुरी परे नपरेको र परेको भए त्यसको गहनताको अध्ययन गर्ने,

(ङ) सरोकारवालाको गम्भीर प्रकृतिको उजुरी वा गुनासो पाइएमा त्यसको सच्चाई पत्ता लगाउने र नपरेमा सम्वन्धित कार्यालयबाट खुलाउनु पर्ने विषयहरु खुलाएर एकीकरण सम्वन्धि निर्णय लिने,

(च) एकीकरण कार्य सम्पन्न भएको सूचना पत्र प्रत्रिकामा प्रकाशित गर्न लगाउने,

(छ) संस्था एकीकरण गरे पछि मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सो को जानकारी जिल्ला सहकारी संघ, विषयगत संघ, सहकारी विभाग लगायतका अन्य निकायमा पठाउने ।

(ज) स्थायी लेखा नं. लिएका संस्था भए आ न्तरिक कर कार्यालयको सहमति लिने।

(२) संस्थाहरुको एकीकरण गर्दा हाल कायम रहेको नाम चाहे अन्य नाम प्रस्ताव गरिएमा मापदण्ड बमोजिम नयां नाम दिने प्रयोजनका लागि कार्यालयको सहमति आवश्यक नपर्ने ।

**१४. अन्तिम स्वीकृति सम्वन्धि व्यबस्थाः**

(१) एकीकरणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृती पाएका संस्था दफा ८ बमोजिमको प्रतिवेदन र दफा ११ बमोजिमको संझौतापत्र सहित अन्तिम स्वीकृतिको निमित्त संस्था संस्थाले सम्वन्धित नगरपालिकामा संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछः

(क) एकीकरण हुने संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,

(ख) एकीकरण गर्ने सम्बन्धमा कुनै समझदारीपत्र भए त्यस्तो समझदा रीपत्र र एकीकरण समिति गठनको निर्णय,

(ग) एकीकरण हुने संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि नियुक्त मूल्यांकनकर्ताको प्रतिवेदन,

(घ) एकीकरण हुने संस्थाको नाम, ठेगाना,

(ङ) एकीकरण सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना,

(च) कार्यालयले तोकेका अन्य कागजात तथा विवरण,

(ङ) एकीकृत हुन आउने संस्थाहरूले अनुसूचि-२ बमोजिमको संयुक्त आवेदन

(च) एकीकरणको निर्णयहरूको प्रमाणित प्रतिलिपि,

(छ) एकीकरणको सर्त र कार्यविधि,

(ज) एकीकरण हुने संस्थाहरुको छुट्टा छुट्टै र संयुक्त वासलात,

(झ) कार्यालयको स्वीकृतिमा स्थानीय पत्र पत्रिकामा संस्था एकीकरणमा जान लागेको कुराको सार्वजनिक सूचना जारी गरेको सूचना,

(ञ) उक्त सूचना प्रकाशित भएपछि एकीकरण सम्पन्न नभएसम्म कुनै आर्थिक कारोवार नगर्ने,

(ट) एकीकरणका लागि कार्यालयमा पत्राचार गर्दा एकीकृत हु न चाहने संस्थाहरूको अघिल्लो बर्षको साधारण सभाद्वारा अनुमोदित लेखा परीक्षण प्रतिवेदन तथा चालु बर्षको आन्तरिक लेखा परीक्षण प्रतिवेदन समेत सँलग्न राख्नु पर्ने,

(ठ) एकीकृत संस्थाको विनियममा "एकीकृत संस्थाको नामबाट भए गरेका काम कार्वाही यस विनियम बमोजिम भए गरे को मानिनेछ" भन्ने प्रावधान पनि समावेश गर्ने, यसका लागि विनियम संसोधन प्रस्ताव पारित गराउने,

(ड) सम्पूर्ण कागज पत्रहरू एकीकृत हुन चाहने संस्थाका अध्यक्षहरूबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर कार्यालयले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संस्थालाई लिखित सूचना दिई थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र

त्यस्ता संस्थाका संचालक वा अधिकार प्राप्त व्यक्तिले कार्यालयमा उपस्थित भई त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन परेमा कार्यालयले उक्त निवेदन , सोसँग संलग्न कागजात, विवरण उपर छानबिन गरी पैंतालिस दिनभित्र संस्था एक आपसमा एकीकरण गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्वन्धित संस्थालाई दिनेछ ।

(४) यस कार्यविधि बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र संस्था वा सोका अख्तियारवाला व्यक्तिले तोकेको समयावधिभित्र उपलब्ध नगराएमा एकीकरणको लागि निवेदकले दिएको निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन । तर पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।

(५) कार्यालयले कुनै संस्था एकीकरण सम्बन्धमा आपूर्ले गरेको निर्णय तथा सो कार्य सम्पन्न गर्ने समेतको ब्यहोरा सर्वसाधारणको जानकारीका लागि पत्रिकामा कम्तीमा दुई पटक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनामा एकीकरण हुनु भन्दा अगाडिका संस्थाले गरेको कामहरु एकीकरण हुन संस्थाले गर्ने व्यहोरा समेत राख्नु पर्नेछ ।

## परिच्छेद - ४
## विविध

### १५. एकीकरण सम्वन्धि अन्य व्यवस्थाः

संस्था एक आपसमा एकीकरण गर्दा आवश्यकतानुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछ :

(क) दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोवार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा उपरोक्त कार्य क्षेत्र प्रदान गर्न सकिनेछ ।

(ख) एकीकरण गर्दा खण्ड (क) बमोजिम ठुलो कार्य क्षेत्र रहेको अवस्था भए उपर्युक्त स्थानमा सदस्यता सेवा केन्द्र खोल्न दिइनेछ ।

(ग) फरक विषयका संस्थाहरु एकीकरण हुने भएमा त्यस्ता संस्थाहरुलाई सो संस्थाले चाहेको विषय वा प्रकृति राख्न स्वीकृति प्रदान गर्न सकिनेछ।

### १६. एकीकरण पश्चात ध्यान दिनु पर्ने कुराहरू

एकीकरण प्रश्चात निम्न कुरामा ध्यान पुर्याउनु पर्दछ

(क) एकीकरणमा सामेल भएका संस्थाहरु संस्थाको मूल कार्यालयभन्दा टाढा भए भने सदस्यता सेवा केन्द्र खोल्ने स्वीकृति लिई कार्यहरुलाई निरन्तरता दिने,

(ख) कर्मचारीको जिम्मेवारी वाँडफाँड र संचालक, लेखा समितिको जिम्मेवारीको वा“डफा“डमा विशेष ध्यान दिने,

(ग) पूरानो संस्था र एकीकृत संस्थाको सेवा सुविधामा कटौती होइन अरू उन्नत सेवा सुविधा दिने,

(घ) एकीकरण पछि संचालक र लेखा समितिको निर्वाचन गर्नु पर्ने भए विशेष साधारण सभा वोलाई निर्वाचन गर्नु पर्छ ।

**१७. एकीकरणमा सहजीकरण गर्न सकिनेः**

देहायको अवस्था देखीएकोले संस्थाबाट एकीकरण गर्न अनुरोध भै आएमा कार्यालयले एकीकरण कार्यमा सहजीकरण गर्न सक्नेछ ।

(क) एकै स्थानमा एकै विषयका धेरै संस्थाहरु संचालन भएकोले ।

(ख) एकै विषय र प्रकृति मिल्ने खालका संस्थाहरु दर्ता भै संचालनमा रहेकाले ।

(ग) दुई वा दुई भन्दा बढी संस्थाहरु एक आपसमा एकीकरण गर्दा सहकारी आन्दोलनलाई सहयोग पुग्ने देखीएमा ।

**१८. विविध :**

(१) एकीकरण हुने संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाव किताब दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२)कार्यालयले संस्था एक आपसमा एकीकरण गर्न अन्तिम स्वीकृति दिएपछि एकीकरण कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको पा इएमा एकीकरण स्वीकृति बदर गरी कारवाही गर्न सक्नेछ ।

**१९) बाधा अड्काउ फुकाउनेः** यस कार्याविधि कार्यान्वयनमा बाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने तथा व्याख्या गर्ने अधिकार कार्यापालिकालाई हुनेछ ।

**२०) खारेजी तथा बचाउः** यस कार्याविधिमा भएको कुनै पनि व्यवस्था नेपालको संविधान, प्रचलित संघीय तथा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म बदरभागी हुनेछन् ।

अनुसूचि-१

दफा १०(क) संग सम्वन्धित

(एकीकरणका सर्त तथा कार्यविधि ढाँचा फारम)

सहकारी ऐन , नियम, मापदण्ड तथा संस्थाको विनियममा भएको व्यवस्था अनुसार.................... सहकारी संस्था लि . ........................ र .................... सहकारी संस्था लि . को एकीकरण गर्दा सर्त र कार्यविधि खोली एकीकरण प्रकृयालाई अघि बढाउनु पर्ने भएकाले निम्नलिखित सर्त र कार्यविधिका अधिनमा रही एकीकरण कार्य सम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कार्यान्वयनका लागि सूर्योदय नगरपालिकाको कार्यालय फिक्कलमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

| क्र.सं. | विषय | एकीकरण सर्त | एकीकरणको कार्यविधि | कृफियत |
|---|---|---|---|---|
| १ | नाम | ...........संस्था लि. (दर्ता नं. डि.स.का......) ........... संस्था (द.नं. ..... डि.स.का.....) रहेकोमा दुवैलाई एकीकृत गरी एउटै नामबाट संस्थाको संचालन गर्ने । दुवै संस्था लाई एकीकृत गरी "........सहकारी संस्था लि. ................ " कायम गर्ने । | दुवै संस्थाको साधारणसभाबाट पारित गराई ........ कार्यालय ....... बाट एकीकरणको स्वीकृति लिई संस्था "..........." को नामबाट संचालन गर्ने। | |
| २ | कार्यालय | दुवै संस्थाको कार्यालय एउटै बनाउने | '.........संस्थाको कार्यालय भवनबाट कार्य संचालन गर्ने। | |
| ३ | कार्यक्षेत्र | दुवै संस्थाको कार्यक्षेत्र एकीकृत रुपमा रहने र कार्यक्षेत्रमा आफ्नो सदस्यहरुलाई सेवा प्रदान गर्ने | एकीकृत हुने संस्थाका कार्यक्षेत्र ..साबिक गा.वि.स.भएकोले .......साबिक गा.वि.स हाल सू.न.पा...लाई समेत कार्यक्षेत्रका रुपमा स्वीकृती लिई सेवा प्रदान गर्ने। | |
| ४ | विनियम | दुवै संस्था एकीकृत भएपछि एउटा मात्र संस्थाको विनियम स्वीकार गरिने | ........सहकारी संस्थाको विनियम ............ स्वीकार गरी सोही विनियम अनुसार कार्य संचालन गर्ने । | |
| ५ | शेयर रकम | दुवै संस्थाको शेयर रकम एकीकृत गर्ने । यस वर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गरिने । | ......को लेखा परीक्षण अनुसारको शेयर रकम जम्मा गरि एउटा संस्थामा समावेश गर्ने ।<br>.........सहकारी संस्थाको शेयर रु..................<br>.............................सहकारी संस्थाको शेयर रु.................. समेत जम्मा शेयर रु .................................. | |

| | | | | |
|---|---|---|---|---|
| ६ | संस्थाका कार्यहरु | ............. र .................... कोषको रकम एकीकृत गरी समावेश गर्ने । वितरण गर्न मिल्ने कोषहरु सदस्यहरुलाई वितरण गर्न नमिल्ने कोषहरु यथावत राखि एकीकृत गर्ने । यसरी एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने । | वितरण गर्न मिल्ने कोषहरु सम्वन्धित संस्थाका सदस्यहरुलाई वितरण गर्ने, कर्मचारीलाई वितरण गर्ने कोष पनि वितरण गर्ने र बाँकी कोषहरु नियमानुसार उपयोग गर्ने,<br>**<u>वितरण गर्न मिल्ने कोषहरुको विवरण</u>**<br>सहकारी संघ/सस्था<br>................. सहकारी संस्था<br>**<u>कोषको नाम</u>**<br>१. शेयर लाभांश -<br>२. सरक्षण पूँजि फिर्ता -<br>३. कर्मचारी बोनस -<br>**जम्मा**<br>**<u>एकीकत गरी कोषमा राख्ने कोषहरु</u>**<br>कोषको नाम<br>१. जगेडा कोष -<br>२. सहकारी शिक्षा -<br>३. घाटा पूर्ति -<br>४. डुवन्त ऋण कोष -<br>५. सहकारी विकास कोष -<br>६. कर्मचारी संचयकोष -<br>७. अन्य कोष -<br>**जम्मा** | |
| ७ | दायित्व | ..................र................. को चुक्ता गर्नु पर्ने दायित्व एकीकरण पश्चात ............सहकारी संस्थाले नै चुक्ता गर्ने अथवा दायित्व वहनको जिम्मेवारी ........................... सहकारी संस्थाको रहने । | ................. संस्थाको दायित्व र .............. संस्थाको दायित्व एकीकृत गरी .............. बाट फछ्र्यौट गर्ने । | |
| ८ | लगानी हिसाब | .......................... र ............. छाता संस्थाहरुमा रहेको लगानी हिसाव एकीकृत ......... सहकारी संस्थाको नाममा कायम गर्ने ....................... संस्थाको लगानी रकम सम्वन्धित छाता संघबाट फिर्ता लिइ आम्दानी बाँध्ने । | निम्न लगानी हिसाव एकीकृत गरी ........... संस्थाको नाममा कायम गर्ने। फिर्ता गर्न मिल्ने रकम फिर्ता लिई.............. संस्थाको नाममा आम्दानी वाँध्ने र सो कार्यका लागि छाता संस्थाहरुबाट पत्राचार गर्ने लगानी भएको संघ / संस्था | |

| | | | | |
|---|---|---|---|---|
| ९ | ऋण लगानी | ............. र ............ आफ्ना सदस्यहरुलाई लगानी गरेको ऋण रकम एकीकृत गरी........... संस्था मा समावेश गर्ने | ............ सहकारी र ........... सहकारी एकीकृत भएपछि ........... सहकारीका ऋणी सदस्यहरुले ............सहकारीको नाममा उक्त ऋण सार्ने व्यवस्था गर्ने र यसका लागि ............ मसान्तसम्म समय दिने व्याज मात्र बुझाएर ऋणी सदस्यहरुको ऋण.............. संस्था बाट उपलब्ध गराउने व्यवस्था मिलाउने । | |
| १० | बचत हिसाब | ............... सहकारी र ............ सहकारीका सबै खाल्का बचतहरु एकीकृत रुपमा समाबेश गर्ने | ............... सहकारी र ............ द्वारा संचालित बचत कार्यक्रमहरु ........... सहकारी संस्थाको अभिलेखमा रहेको शेयर सदस्यहरुसंगै अन्य नाम थपी सो नाममा समावेश गरी राख्ने | |
| ११ | सदस्यता | ............... सहकारी र ............ दुवै संस्थाका सदस्यहरुलाई एकीकृत संस्थामा समावेश गर्ने | ............... सहकारी र ............ शेयर सदस्यहरुको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने । | |
| १२ | नीतिहरु | संस्था संचालत नीति लागू गर्ने सन्दर्भमा ............... सहकारी र ............ सहकारीका नीतिहरु एकै किसिमका भए............ संस्थाको नीतिहरु लागू गर्ने र ............. संस्थाको नभएका नीतिहरुका सन्दर्भमा भने ............. संस्थाका नीतिहरु नै एकीकृत संस्थाको<br>नीतिका रुपमा लागू गर्ने । | हाल रहेका निम्न नीतिहरु कायम राखी संस्था संचालत गर्ने । | |
| १३ | बैंक खाता र नगद जिम्मेवारी | ........... संस्थाको बैंक कारोवार ............. संस्थामा हस्तान्तरण गर्ने नगद पनि दुवै संस्थाको एकीकृत गर्ने | ................... बैंक र नगद हस्तातान्तरण गरी एकीकृत रुपमा राखी उपयोग गर्नै । | |
| १४ | संस्था संचालन प्रक्रिया | ................. दुवै संस्थाका वर्तमान संचालक, लेखा तथा सल्लाहकार समिति एवं उपसमितिहरु मिलाएर विनियममा व्यवस्था भए बमोजिम बाँकी अवधी सम्मका लागि कायम गर्ने | दुवै संस्थाका संचालकहरुबाट संचालक समिति, लेखासमिति तधा अत्य समिति, उपसमिति गठन गरी कार्य गर्ने । | |
| १५ | लिनु दिनु पर्ने बाँकी ऋण तथा सम्पत्ति | दुवै संस्थाको एकीकरण गरी संयुक्त रुपमा राख्ने । | दुवै संस्थाले बुझाउनुपर्ने बाकीं ऋण संयूक्त रुपमा ........नाममा स्थातात्तरण गरी बुझाउने लिनु पर्ने भए पनि यही कार्य विधि अपनाइ असुल उपर गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| १६ | केन्द्रीय जिल्ला/विषयगत सं को प्रतिनिधि | .............. संस्थाबाट प्रतिनिधित्व गर्ने केन्द्रीय /जिल्ला "विषयगत संस्थाको प्रतिनिधि ........... एकीकृत संस्थाको तर्फबाट पनि निरन्तरता दिने र .............का केन्द्रिय प्रतिनिधिलाई भने फिर्ता गर्ने । | ......... केन्द्रिय प्रतिनिधि ....... संयूक्त भएको दुवै संस्थाको प्रतिनिधिका रुपमा एकीकृत प्रतिनिधि फेरवदल गर्ने । | |
| १७ | कमंचारी | दुवै संस्थाका कर्मचारीहरुलाई यथावत कामकाज लगाउने । | ........... नियुक्त कमचारीहरु र ........... नियुक्त कर्मचारहरुलाई एकीकृत रुपमा .......... नै यथावत कामकाज लगाउने । | |
| १८ | पान नं. | ............. पान स्वीकार गर्ने र ................ पानलाई रद्द गर्ने। त्यसका लागि सम्वन्धित निकायमा जानकारी गराउने । | ................ सहकारी संस्थाको आन्तरिक राजश्व कार्यालयमा दर्ता भएका पान........ लाई प्रयोग गर्ने | |
| १९ | नगदी र ढुकुटीको बीमा गर्ने | एकीकृत संस्था .........को नगदी र ढुकुटी (सेफ) को वीमा गराई संचालन गर्ने । | उपयुक्त वीमा कम्पनीसंग आवश्यक सम्झौता गरी नगदी र ढुकुटी वीमा गर्ने व्यवस्था मिलाउने । | |
| २० | एकीकरण पछिको विवाद सम्वन्धि | एकीकरण पश्चात्त कुनै विषयमा विवाद उठेमा विवाद मिलाउन तीन सदस्यीय समिति निर्माण गर्ने र विवादको टुङ्गो लगाउने । | विवाद समाधान समितिमा ........ सहकारी र .......... सहकारीका निम्न सदस्यहरुलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय संचालक समितिले अनुमोदन गरे पछि लागू हुने गरी निर्णय गर्ने ।<br>१. संयोजक .....<br>२. सदस्य ......<br>३. सदस्य ......... | |
| २१ | विनियममा संशोधन र परिमार्जन गर्ने समिति | ............ सहकारी संस्थाको विनियम हालको अवस्थामा कतिपय विषयहरु थपघट परिमार्जन गरी समयानुकूल बनाउनु पर्ने भएकाले व्यापक अध्ययन र परिमार्जन गर्न ३ सदस्य समितिलाई जिम्मा दिने | विनियम संसोधन र परिमार्जन गर्दा तिम्न समिति निर्माण गरी जिम्मेवारी दिने<br>१. संयोजक .....<br>२. सदस्य ......<br>३. सदस्य .......... | |

दस्तखत
........................सहकारी संस्था लि.
सूर्योदय न.पा. .....ईलाम
संस्थाको छाप

दस्तखत
........................सहकारी संस्था लि.
सूर्योदय न.पा. .....ईलाम
संस्थाको छाप

अनुसूचि - २

(दफा १२(२) सँग सम्वन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
सूर्योदय नगरपालिका,
नगर कार्यपालिकाको, फिक्कल, ईलाम ।

**विषय-: एकीकरण गर्न स्वीकृति पाउँ ।**

महोदय,

सहकारी ऐन, २०७४ तथा सूर्योदय नगरपालिकाको सहकारी ऐन २०७५ बमोजिम संचालन भै आएका तपसिल बमोजिमका संस्था हरु एकीकरण गर्न सम्पूर्ण प्रक्रिया पूरा भएकोले एकीकरणको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं । उपर्यूक्त संस्थाहरु एकीकरण गरी पाउन अनुरोध गर्दछौं। आवश्यक कागजात थान..........संलग्न छन् ।

भवदीय,

| | |
|---|---|
| **(...............................संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)** | **(............................संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)** |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्थाको नाम : | संस्थाको नाम : |
| ठेगाना : | ठेगाना : |
| टेलिफोन नं : | टेलिफोन नं : |
| फ्याक्स नं. : | फ्याक्स नं. : |
| इमेल ठेगाना : | इमेल ठेगाना : |
| मिति : | मिति : |
| संस्थाको छाप : | संस्थाको छाप : |

***

आज्ञाले
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत